आज मिति २०८२ साल भाद्र २४ गतेका दिन मकवानपुर गढी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री विदुर हुमागाँई ज्यूको अध्यक्षतामा बैठक बसि देहायका पदाधिकारीको उपस्थितिमा देहायका निर्णयहरु गरियो।

उपस्थिति

श्री विदुर हुमागाँई - अध्यक्ष

श्री हेर्कमाया रुम्बा - उपाध्यक्ष

श्री आइत सिं लो - का.पा. सदस्य

श्री बखान सिं पाख्रिन - " "

श्री भगवत घिमिरे - " "

श्री राम प्रसाद तिमल्सीना " "

श्री जित बहादुर घिमिरे " "

श्री टिका प्रसाद दाहाल " "

श्री सूर्य बहादुर रुम्बा " "

श्री कुमार सिं घिसिङ " "

श्री सुरेन्द्र सुनार " "

श्री चिनिमाया रुम्बा " "

श्री बुद्धिमाया योञ्जन " "

श्री मञ्जु योञ्जन " "

श्री पातली माया गोले

श्री निर्मला विश्वकर्मा - का.पा. सदस्य निर्मला

श्री भिम बहादुर परियार - प्र.प्र.अ.

आमन्त्रित

श्री राजेन्द्र पाण्डे - लेखा अधिकृत

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,मक्रान्चुली मकवानपुर

कार्यपालिकाको वैठक २०७५।०५।२४ गते

**कार्यपालिका वैठकका प्रस्ताव तथा कार्यसूचिहरु**

१. नदीजन्य क्रसर उद्योगबाट उत्पादित पदार्थको कर छुट सम्वन्धमा ।

२. कृषि,पशुपालन र तत्जन्य उद्योग व्यवसाय वा लघुउद्यम व्यवसाय दर्ता तथा नविकरण वा सुचिकृत गर्दा कर छुट प्रतिशत सम्वन्धमा ।

३. सडक वोर्ड नेपाल बाट प्राप्त सडक मर्मत संभार खर्च कार्यान्वयन सम्वन्धमा ।

४.सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसार स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्वन्धमा ।

५. सिटिइ भिटिको कार्यक्रम संचालन अनुमती सम्वन्धमा ।

६. गैर सरकारी संस्था समन्वय सम्वन्धि निर्देशिका,२०७५ स्वीकृत सम्वन्धमा ।

७. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण सम्वन्धमा ।

८. योजना कार्यन्वयनमा जनप्रतिनिधिको जनश्रमदान सम्वन्धमा ।

९. वडा कार्यालयहरुमा कार्यालय सहयोगी दैनिक ज्यालादारीमा नियुक्ति सम्वन्धमा ।

१०. कृषि प्राविधिक १ जना र कृषि प्राविधिक १ जना करारमा नियुक्ति सम्वन्धमा ।

११. गाउँपालिकामा दैनिक ज्यालादारीमा कार्यरत यूवराज न्यापानेलाई करार नियुक्ति सम्वन्धमा ।

१२. आर्थिक वर्ष २०७४।०७५ को आन्तरिक लेखापरिक्षण सम्वन्धमा ।

Scanned with CamScanner

## निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र संचालित क्रसर उद्योग तथा वालुवा प्लान्टहरुबाट उत्पादित ढुंगा ,गिटि,वालुवाको सम्वन्धमा स्थानिय स्तरमा हुने उपयोगको सम्वन्धमा देहाय अनुसार छुट दिन सम्वन्धित उद्योगलाई सिफारिस गर्ने तथा गाउँपालिकाले लगाउँदै आएको संकलन तथा विक्री शुल्कमा देहाय अनुसार छुट गर्ने निर्णय गरियो ।

क) स्थानीय विकास निर्माण,भुकम्पको घर निर्माण तथा व्यक्तिगत प्रयोजनको लागि लगिने ढुंगा,गिटि तथा वालुवामा लगाउँदै आएको सम्पूर्ण कर छुट गर्ने,तर सो सम्वन्धमा सम्वन्धित वडा कार्यालयबाट व्यक्तिगत प्रयोजन,भुकम्पको घर निर्माण र स्थानिय विकास निर्माण(उपभोक्ता समिति) ले प्रयोग गर्ने हो भन्ने व्यहोराको सिफारिस पत्र अनिवार्य गर्नु पर्ने ।

ख) स्थानिय क्रसर उद्योग तथा वालुवा प्लान्टहरुबाट स्थानिय स्तरमा भुकम्प पिडित जनताको घर निर्माणको लागि ३० प्रतिशत छुट दिन सम्वन्धित वडा कार्यालय मार्फत सिफारिस गर्ने ।

ग) मकवानपुरगढी गाउँपालिका भित्रको स्थानिय जनताको उपभोगको लागि सम्वन्धित क्रसर उद्योग तथा वालुवा प्लान्टहरुबाट विक्री वितरण गर्दा २० प्रतिशत छुटको लागि सम्वन्धित वडा कार्यालय मार्फत सिफारिस गर्ने ।

घ) क्रसर तथा अन्य तत् सम्वन्धि उद्योगहरुले नियमित रुपमा उपयोग गर्ने सडक जस्तै वासुदेश मार्ग मर्मत तथा निर्माणको सम्वन्धमा सत् प्रतिशत छुट दिन सम्वन्धित वडा कार्यालय मार्फत सिफारिस गर्ने ।

ङ) स्थानिय विकास निर्माणको सम्वन्धमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना तथा आयोजनाहरुमा क्रसर उद्योगबाट विक्रीहुन मालवस्तुमा २५ प्रतिशत छुटको लागि सम्वन्धित वडा कार्यालय मार्फत सिफारिस गर्ने ।

**निर्णय नं २**

मकवानपुरगढी गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेको आर्थिक ऐन, २०७५ को अनुसूचि ४ मा व्यवस्था भए अनुसार कृषि,पशुपालन र तत्जन्य उद्योग वा लघु उद्यम व्यवसाय दर्ता,नविकरण तथा सूचिकृत गर्न लाग्ने दस्तुमार ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा सडक वोर्ड नेपाल बाट प्राप्त सडक मर्मत संभार शिर्षका प्रप्ता बजेट रु. ५,००,०००।-कार्यान्वयनको लागि सहिद बासुदेव मार्ग मर्मत सम्भारको लागि छनौट गर्ने र सोही अनुसार कार्यान्वयनको लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ८ को दफा (२८) १ मा व्यवस्था भए बमोजिम स्थानिय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति को लागि देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री हर्कमाया रुम्बा (उपाध्यक्ष)

सदस्य : श्री मन्जु योन्जन

सदस्य : श्री पातली मायाँ गोले

सदस्य : जेष्ठ नागरिक महासंघको प्रतिनिधि १ जना

सदस्य : राष्ट्रिय अपांग महासंघको प्रतिनिधि १ जना

सदस्य : नेपाल पत्रकार महासंघको प्रतिनिधि १ जना

सदस्य : श्री अम्बिर न्यौपाने,(सामाजिक सुरक्षा शाखा)

सदस्य सचिव : श्री प्रकाश न्यौपाने(योजना तथा अनुगमन शाखा)

नोट : सम्वन्धित संघ संस्थाको प्रतिनिधिको लागि सदस्य मनोनय गरि पठाउनको लागि पत्राचार गर्ने निर्णय गरियो । )

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकामा नेपाल भारत मैत्री वहुप्राविधिक संस्था हेटौडा, बाट संचालन हुने देहाय अनुसारको कार्यक्रम देहाय अनुसारको वडाहरुमा संचालनको लागि यस गाउँपालिकामा कुनै पनि आर्थिक दायित्व नहुने गरि संचालनको लागि अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | तालिमको विवरण | तालिम संचालन स्थल | तालिममा सहभागी संख्या |
|---|---|---|---|
| १ | अफ सिजन तरकारी खेति तालिम | मकवानपुरगढी वडा नं २ | ४० जना |
| २ | कम्प्यूटर हार्डवयर टेक्निकल तालिम | मकवानपुरगढी वडा नं ३ | ८० जना |
| ३ | पोल्ट्री फर्म वर्कर तालिम | मकवानपुरगढी वडा नं ४ | ४० जना |
| ४ | हाते कढाई तथा वुकेस तालिम | वडा नं ५ र ६ | ४० जना |

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा गैर सरकारी संस्था समन्वय सम्वन्धि निर्देशिका, २०७५ पेश भए अनुसार स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा सामाजिक सुरक्षा कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा (२२) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न सम्भाव्यता अध्ययनको आधारमा वडा नं ३ बाट सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया वैंकमा गर्न लागि सुरुवात गर्ने र हाल नेपाल बंगलादेश वैंक,मकवानपुरगढी शाखाबाट संचालन गर्नको लागि सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो । बाँकी वडाहरुमा समेत विस्तारै लागू गर्दै लगिने समेत निर्णय गरियो ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना,आयोजना तथा कार्यक्रमलाई बढी भन्दा बढी जनश्रमदान जुटाउन, स्थानीय विकासमा स्थानीय जनताको स्वामित्व महसुस गराउन तथा विकास प्रक्रियालाई पारदर्शि तथा दिगो वनाउन र स्थानीय जनतामा विकास प्रक्रियामा अगुवाई गर्नको लागि सम्बन्धित वडाको वडा अध्यक्ष,वडा सदस्य,कार्यपालिका सदस्य ,गाउँपालिका अध्यक्ष र उपाध्यक्षले समेत प्रत्येक महिना कार्ययोजना बनाई स्थानीय विकास निर्माणको कार्यमा महिनाको कम्तिमा ३ दिन अनिवार्य जनश्रमदान गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा हाल स्वीकृत अस्थायी दरवन्दी अनुसार यस गाउँपालिकाको देहायको वडाहरुमा सामाजिक परिचालक कार्यरत भएको र देहायको वडाहरुमा दैनिक ज्यालादारीमा करारमा कार्यलय सहायोगी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्रसं | वडा नं | सामाजिक परिचालक कार्यरत वडाहरु | कार्यलय सहयोगी नियुक्ति गर्नु पर्ने वडाहरु |
|---|---|---|---|
| १ | वडा नं १ रानीसेरा | नभएको । | १ जना कार्यालय सहायोगी नियुक्ति गर्ने । |
| २ | वडा नं २ शिखरकटेरी | नभएको । | १ जना कार्यालय सहायोगी नियुक्ति गर्ने । |
| ३ | वडा नं ३ मक्रान्चुली | नभएको । | १ जना कार्यालय सहायोगी नियुक्ति गर्ने । |
| ४ | वडा नं ४ मनकामना | सामाजिक परिचालक कार्यरत रहेको । | कार्यालय सहयोगी नियुक्ती गर्नु नपर्ने । |
| ५ | वडा नं ५ धादिङ | सामाजिक परिचालक कार्यरत रहेको । | कार्यालय सहयोगी नियुक्ती गर्नु नपर्ने । |
| ६ | वडा नं ६ डुम्रेकुना | पहिले नै कार्यालय सहयोगी रहेको । | कार्यालय सहयोगी नियुक्ती गर्नु नपर्ने । |
| ७ | वडा नं ७ सुकौरा | सामाजिक परिचालक कार्यरत रहेको । | कार्यालय सहयोगी नियुक्ती गर्नु नपर्ने । |
| ८ | वडा नं ८ वुढिचौर | सामाजिक परिचालक कार्यरत रहेको । | कार्यालय सहयोगी नियुक्ती गर्नु नपर्ने । |

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकामा कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिक वनाउनको लागि गाउँसभाको स्वीकृत निर्णय तथा स्वीकृत वजेटको परिधि भित्र रही देहाय अनुसार करारमा कृषि तथा पशुक्षेत्रको प्राविधिक कर्मचारी करारमा नियुक्ति गर्न प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

१. कृषि प्राविधिक २ जना

२. पशु प्राविधिक १ जना

Scanned with CamScanner

निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकामा विगत डेढ वर्ष देखि दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी श्री यूवराज न्यौपानेलाई २०७५ आसोज १ गते देखि लागू हुने गरि नेपाल सरकारको प्रचलित न्यूनतम तलब स्केल अनुसार हुने गरि करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा आर्थिक वर्ष २०७५।०७६ को आन्तरिक लेखापरिक्षण गर्ने कार्यको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner